नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, काठमाडौंको

# सूचना

हिन्दु नारीहरुको महान चाड हरितालिका (तीज) पर्व आगामी २०८० असोज १ गते सोमवार पर्ने भएकोले सो पर्वलाई मध्यनजर राखी भगवान् श्रीपशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्र भित्र सुरक्षा लगायत धार्मिक, सांस्कृतिक मर्यादा र पवित्रता कायम राख्ने उद्देश्यले देहायको चार किल्ला भित्र कसैले पनि मांस, मदिरा तथा नशालु पदार्थहरु उत्पादन, बेचविखन, ओसार पसार, भण्डारण र सेवन गर्न समेत नपाउने गरी स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को ३ (क) र (ख) अनुसार आगामी भाद्र ३१ गते देखि नै लागु हुने गरी पूर्ण रुपमा रोक लगाइएको छ । कोही कसैले यो सूचनाको बर्खिलाप कुनै काम गरेमा स्थानीय प्रशासन ऐन २०२८ अनुसार कडा कानूनी कारवाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

पूर्व – गौशाला मित्रपार्क सडकदेखि पूर्व ।
पश्चिम – पशुपति क्षेत्रको पूर्व सीमानादेखि पश्चिम ।
उत्तर – गौशाला तिलगंगा चक्रपथदेखि उत्तर ।
दक्षिण – मित्रपार्क, उमाकुण्ड गौरीघाट हुँदै बाग्मतीदेखि दक्षिण ।

प्रमुख जिल्ला अधिकारी
काठमाडौं
जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी